# पत्रकार भेटघाट कार्यक्रम

मिति २०७९ मंसिर २३ गते शुक्रबार

कीर्तिपुर नगरपालिकाको बैठक कक्ष

व्यस्तताका वावजुत पनि हाम्रो निमन्त्रणालाई स्वीकारेर पाल्नु भएका पत्रकार साथिहरु,

बडाध्यक्षज्यूहरु

यस कार्यक्रममा उपस्थित हुनु भएका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी साथिहरु,

उपस्थित अन्य महानुभावहरु

कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्यू अस्वस्थ भई हाल अस्पतालमा उपचाररत रहनु भएको हुँदा सर्वप्रथम म उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै पत्रकारहरुसँग भेटघाट नभएको लामो समय भैसकेको हुँदा उहाँको अनुपस्थिति रहेपनि आज हामीले यो पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिरहेका छौ ।

**<u>यस आर्थिक वर्ष २०७९/०८० को हालसम्मको प्रगति विवरण यस प्रकार रहेको छ</u>:**

१. कीर्तिपुर नगरपालिकाका स्थायी बासिन्दालाई स्वास्थ्य सेवा सुलभ र सहज बनाउने उद्देश्यले कीर्तिपुर सामुदायिक अस्पतालमा उपचार गराउँदा लाग्ने खर्चमा पचास प्रतिशतसम्म र मोडेल अस्पतालमा उपचार गराउँदा लाग्ने खर्चमा २५ प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिइएको छ । यसका लागि आवश्यक पर्ने सहुलियत कार्डको वितरण सम्वन्धित वडा कार्यालयबाट हुने व्यवस्था मिलाईएको छ ।

२. कीर्तिपुर नगरपालिकाका स्थायी वासिन्दालाई आवश्यकता परेको बखतमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार केन्द्र मार्फत निःशुल्क रगतको व्यवस्था मिलाईएको छ । यसका लागि कीर्तिपुर नगरपालिकाका विरामीका आफन्तले कीर्तिपुर नगरपालिकाको स्थायी बासिन्दा खुल्ने नागरिकता, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र, बसाईसराई, राष्ट्रिय परिचयपत्र वा यस्तै सरकारी निकायबाट जारी प्रमाणपत्र नेपाल रेडक्रस सोसाईटीको केन्द्रीय रक्तसञ्चार केन्द्र सोल्टीमोडमा पेश गरेमा त्यहाँबाट निःशुल्क रगत प्राप्त हुनेछ ।

३. कीर्तिपुर नगरपालिकामा डेंगी रोग रोकथाम र नियन्त्रणका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुका साथै सवै वडाहरुमा लामखुट्टेको लार्भा नष्ट गर्ने, माईकिङ तथा पोष्टर पम्प्लेट वितरण मार्फत जनचेतना अभिवृद्धि गर्ने र सवै विद्यालयहरुमा विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

४. कीर्तिपुर सामुदायिक अस्पताल मार्फत नगरबासीलाई सहुलियत दरमा हेमोडाईलाइसिस गर्ने व्यवस्था मिलाईएको र आमा सुरक्षा कार्यक्रम सम्झौता गरी कार्यान्वयन ल्याईएको छ ।

५. पाँच वर्षमाथिका सवै नागरिकलाई कोभिड विरुद्धको खोप लगाउने कार्य सम्पन्न गरिएको छ।

६. गम्भीर रोग लागेका विपन्न नगरबासीलाई रु २५,०००/- सम्म आर्थिक सहयोग गर्ने, कीर्तिपुर नगरबासीलाई जन्म उपहार स्वरुप रु. ३,०००/- र मृत्यु संस्कारमा रु. १०,०००/- आर्थिक सहयोग गर्ने कार्यक्रम र गर्भवती तथा सुत्केरी महिलालाई निःशुल्क क्याल्सियम र आइरन चक्की वितरण गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

७. कीर्तिपुर नगरबासीहरुलाई निःशुल्क एम्वुलेन्स तथा शव वहानको सुविधा प्रदान गरिएको छ ।

८. यस नगरबाटै हालसम्म १० हजार भन्दा वढी नागरिकले राष्ट्रिय परिचयपत्रको आवेदन फाराम भरिसकेको र हाल परिचयपत्र वनाउन आउने सेवाग्राहीको संख्या न्यून प्रायः रहेको हुँदा आगामी पौष मसान्तसम्म मात्र राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिने योजना रहेको छ।

९. गत वर्ष अ. ल्या. भएर आएका २२५ वटा योजनाहरुको काम हालसम्म सम्पन्न भैसकेको । यस वर्ष ११ वटा योजनाहरु टेण्डरको प्रकृयामा गैसकेको छ र यसै महिनाभित्र सम्झौता भइ कार्यान्वयनको चरणमा जाने अवस्था रहेको छ ।

१०. नगरस्तरीय योजनाहरु मध्ये २१ वटा योजनाहरु र ४४ वटा वडास्तरीय योजनाहरुको काम उपभोक्ता समितिहरु मार्फत सञ्चालन भैरहेको छ साथै बाँकी योजनाहरुको समेत लागत इष्टिमेट बनाउने र सम्झौता गर्ने कार्यहरु निरन्तर भैरहेको छ । यसै आ. व. को चैत्र मसान्तभित्र सवै योजनाहरुको सम्झौता गरी आर्थिक वर्ष समाप्त हुनु भन्दा केही महिना अगावै काम सम्पन्न गर्ने लक्ष्य नगरपालिकाको रहेको छ ।

११. विपद् व्यवस्थापन तर्फ नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठक दुई पटकसम्म वसी विपद्का विभिन्न चरणहरुमा प्रभावकारी रुपले व्यवस्थापन गर्न आवश्यक पर्ने नीति तथा कार्यविधि तयार गर्ने, आगामी माघ २ गते हुने राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाउने र विपद्को क्षति न्यूनीकरणका लागि ६ वटा पूर्वाधार निर्माणका कार्यहरुको अनुमोदन गर्ने जस्ता महत्वपूर्ण विषयहरुमा निर्णय भएको छ ।

१२. कीर्तिपुर नगरपालिकाको फोहोरमैला व्यवस्थापनको लागि I-cycle लगायत विभिन्न स्वदेशी तथा विदेशी संस्थाहरुसँग छलफल र परामर्श भैरहेको छ । साथै लामो समयदेखि स्वास्थ्य संस्थाहरुमा रहेको औषधिजन्य फोहोरमैलालाई हाल १० नं वडामा रहेको फोहोर प्रशोधन गर्ने स्थानको नजिकै प्रशोधन गरी व्यवस्थापन गर्ने कार्य अघि वढाईएको छ ।

१३. कीर्तिपुर नगरपालिकाभित्र रहेका साँस्कृतिक जात्रा पर्व एवं सम्पदाहरुको संरक्षण गर्ने सम्वन्धमा नियमावलीको मस्यौदा तयार भैसकेको र छिट्टै नै कार्यान्वयनमा ल्याइने छ । साथै हालसम्म ८ वटा चाडपर्व र जात्राहरुलाई आर्थिक सहयोग प्रदान गरिएको छ ।

१४. कीर्तिपुर नगरपालिकाभित्र रहेका पुरातात्विक पौराणिक सम्पदाहरुलाई विश्व सम्पदा सूचिमा समावेश गर्नका लागि कुटनीतिक नियोगहरुसँग विशेष पहलकदमी गरिएको छ ।

१५. नगर खेलकूद विकास समितिको बैठक बसी नगर क्षेत्रमा समग्र खेलकूद विकासका कार्यक्रमहरु अगाडि वढाउन छलफल भैरहेको र हालसम्म ६ वटा खेलकूद प्रतियोगिताहरुमा नगरपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराईएको छ ।

१६. हालसम्म ७ वटा स्थानीय गैरसरकारी संस्थाहरु दर्ता, २८ वटा गैर सरकारी संस्थाको दर्ता वा नवीकरणका लागि स्थानीय प्रशासनमा सिफारिस र ५ वटा संस्थाहरुलाई नगरपालिकाभित्र कार्य सञ्चालन गर्न अनुमति दिने काम भएको छ ।

१७. नगरस्तरीय उद्यम विकास समिति गठन गरी हालसम्म विभिन्न सिलाई कटाई र कृषिका तालिम सञ्चालन गर्ने, प्रविधि हस्तान्तरण गर्ने, श्रावण २१ देखि ३१ सम्म श्रृजनशील उद्यमी तालिम सञ्चालन गर्ने, पुनःताजगी तालिम सञ्चालन गर्ने, मेडपा कार्यक्रम स्वीकृत गर्ने जस्ता कार्यहरु भैसकेको साथै हालसम्म वडा १ देखि ५ सम्म ग्रामिण लेखाजोखा कार्यक्रम सञ्चालनको लागि अध्ययन कार्य भैरहेको छ ।

१८. यस आ.व.को मंसिर २० गतेसम्म नगरपालिका र १० वटै वडा कार्यालयहरुमा गरी विभिन्न ५३ वटा शीर्षकमा ५ करोड ३३ लाख ९२ हजार ४१४ रुपैया आन्तिरक राजश्व संकलन भएको छ । लक्ष्य अनुरुपको आन्तरिक राजश्व संकलन गर्न राजश्व चुहावटका क्षेत्रहरुको पहिचान गर्ने र पहिलो चरणमा घरदैलो कार्यक्रम गरी कीर्तिपुर नगरपालिकाभित्र सञ्चालनमा रहेका व्यवसायहरुलाई करको दायरामा ल्याउने र क्रमशः अन्य राजश्वका क्षेत्रहरुलाई समेत समेटदै लैजाने कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. नगरपालिकाभित्र रहेका सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमन गर्ने, लेखा परीक्षकको नियुक्तिको जानकारी दिने र प्राप्त गुनासा तथा उजूरीहरुको सम्वोधन गर्ने कार्य भैरहेको छ ।

२०. यस आ. व. मा हालसम्म नगरपालिकामा रहेका १०० पुरुष ८४ महिला गरी जम्मा १८४ जना जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचयपत्र र २० जना अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग परिचयपत्र वितरण गरिएको छ ।

२१. जेष्ठ नागरिक भेटघाट, शुभकामना आदानप्रदान, प्रवचन जस्ता विभिन्न कार्यक्रमहरु गरी ३२ औ जेष्ठ नागरिक दिवस भव्य रुपमा मनाइएको छ साथै सभ्य समाजको पहिचान लैङ्गीक हिंसा विरुद्धको अभियान भन्ने मूल नाराका साथ प्रभातफेरी कार्यक्रम, विद्यालयस्तरीय वक्तित्वकला प्रतियोगिता जस्ता कार्यक्रमहरु गरी लैङ्गीक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने कार्य जारी रहेको छ ।

२२. गत आ.व.का ६ वटा मुद्दा सहित यस आ.व. मा न्यायिक समितिमा रहेका १७ वटा मुद्दा मध्ये ५ वटा मुद्दाहरु फछ्र्यौट भएको र बाँकी १२ वटा मुद्दाहरु फर्छ्यौट हुन बाँकी रहेका छन । यस आ.व.मा ५ वटा मुद्दाको कानूनी राय दिने, २ वटा मुद्दाको मेलमिलाप भएको र २ वटा मुद्दाहरु मेलमिलापको चरणमा रहेको छन ।

२३. यस नगरपालिकामा स्थायी वसोबास गरेका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच पुर्याउने उद्देश्य सहित सञ्चालित एक घर एक स्नातक छात्रबृत्ति कार्यक्रमका लागि यस नगरपालिकाभित्र ३ वटा सामुदायिक क्याम्पस (मंगल बहुमुखी क्याम्पस, शहीद स्मारक कलेज, जनाधार क्याम्पस)सँग नगरपालिकाले ६० र क्याम्पसले ४० प्रतिशत शुल्क व्यहोर्ने गरी सम्झौता भएको र सोही बमोजिम कार्यान्वयन समेत भैरहेको छ ।

२४. कक्षा १ देखि ३ सम्मको स्थानीय नेपाल भाषाको पाठ्यक्रम कार्यान्वयन भैरहेकोमा यस वर्ष कक्षा ४ र ५ मा समेत स्थानीय नेपाल भाषाको पाठ्यक्रम कार्यान्वयनमा ल्याउन ४ सदस्यीय पाठ्यपुस्तक लेखन कार्यदल गठन गरिएको र सो कार्यदलले लेखन कार्यको थालनी समेत गरेको ।

२५. कीर्तिपुर नगरपालिकामा वहुप्राविधिक शिक्षालय स्थापना गर्नका लागि आवश्यक पहल भैरहेको ।

२५. विद्यालयको सघन अनुगमनका लागि नगरपालिकामा ४ वटा टोलि गठन गरी अनुगमन कार्य भैरहेको ।

२६. नगरपालिका क्षेत्रलाई सफा राख्नका लागि ६ जना सफाईकर्मी र ४ जना ढल नाला सफाईकर्मी गरी १० जना सफाईकर्मी थप गरी नगरपालिकाभित्रका बजार क्षेत्र र सम्पदा क्षेत्रहरुमा नियमित रुपमा सरसफाईको काममा लगाईएको छ साथै नगरको सुरक्षा व्यवस्था प्रभावकारी वनाउन थप ६ जना नगर प्रहरी नियुक्तिको चरणमा रहेको छ ।

२७. सम्वत् २०७४ असोज २९ गतेसम्म निर्माण सम्पन्न भएका भवन संरचनाको नियमित/अभिलेखिकरण गर्ने सम्वन्धमा कोभिड लगायत विविध कारणले नियमित हुन छुट भएको भनी व्यापक मात्रामा जनगुनासो प्राप्त भएकोले प्रचलित मापदण्ड बमोजिम रातो घेरा लगाई प्रचलित दररेटमा थप २०० प्रतिशत जरिवाना र सम्पत्ति कर समेत लिई अन्तिम पटकलाई मिति २०७७ कार्तिक २४ गतेको सूचनालाई २०७९ पौष मसान्तसम्म निरन्तरता दिने गरि सो कार्यलाई अघि वढाउन तयारी भैरहेकोछ ।

२८. यस आ. व. मा हालसम्म १११ वटा भवनको अस्थायी इजाजत पत्र, १३६ वटाको स्थायी इजाजतपत्र, १४ वटाको संशोधित स्थायी इजाजतपत्र, १२४ वटाको निर्माण सम्पन्न र ३८ वटाको संशोधित निर्माण सम्पन्न सम्वन्धी कार्यहरु भएको छ ।

२९. यस आ.व. २०७९/०८० को कूल बजेट १ अर्व ५५ करोड मध्ये चालु तर्फको खर्च २० करोड ३० लाख र पुँजीगत तर्फको खर्च ९ करोड ८३ लाख गरी जम्मा खर्च ३० करोड १४ लाख खर्च भएको छ जुन औषधमा १९.४४ प्रतिशत हो ।

३०. कृषि विकासतर्फ ८०० जना कृषकहरुलाई खाद्यबाली तथा तरकारीको सिजनल बीउ र मिनिकिट वितरण गर्ने, २० जना कृषि पेशामा संलग्न युवा कृषकहरुलाई क्षमता अभिवृद्धि तालिम र उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि प्रविधि हस्तान्तरण कार्यक्रम र २५ जना कृषकलाई बेमौसमी तरकारी खेतिको तालिम दिने र ४० जना कृषकलाई कौशी खेति तालिम तथा कौशी खेति प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको साथै नयाँ तरकारी वाली पकेट विकास कार्यक्रम कार्यान्वयनमा रहेको छ ।

३१. पशुसेवा तर्फ यस आ. व. मा हालसम्म १६२० पशुहरुको उपचार भएको, २०० पशुको भ्याक्सिनेशन पिपिआर गरिएको, ७९० पशुहरुको कृत्रिम गर्भाधान गराईएको, ३८ पशुलाई रेविजको भ्याक्सिन लगाउने काम भएको र ३ वटा पशुहरुलाई खोरेतको भ्याक्सिन लगाईएको छ । त्यसैगरी कीर्तिपुर नगरपालिकामा एउटा मिटमार्ट स्थापना गर्नको लागि सो सम्वन्धी कार्यविधि तयारीको चरणमा रहेको छ ।

३२. संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन पश्चात भएको स्थानीय तहको दोश्रो निर्वाचनको माध्यमबाट अपार जनविश्वासका साथ कीर्तिपुर नगरपालिका सञ्चालनको जिम्मेवारी नगरप्रमुख राजकुमार नकर्मीज्यूको नेतृत्वको अहिलेको टिमलाई प्राप्त भएको छ । आजको यस घडिमा निर्वाचनका दौरानमा समग्र टिमका तर्फबाट आम मतदाता समक्ष नगरपालिकाको विकास र नगरवासीको समृद्धिका लागि जनाइएका प्रतिवद्धता कार्यान्वयनमा हामी दृढ रहेको तथ्य स्मरण गराउन चाहानछौं ।

३३. निर्वाचन लगतै कार्यालय व्यवस्थापन र सेवा प्रवाहमा व्यापक सुधार गरी जनमत बमोजिम विकास निर्माणका योजनाहरुलाई द्रूत गतिमा कार्यान्वयनमा लाने सवालमा हामी सोचे अनुरुप अगाडि वढन सकेनौं । हाम्रा अभिभावक एवं नगरपालिकाका प्रमुखज्यूको स्वास्थ्यमा आएको समस्याका कारण पनि हामी थोरै अलमलियौं । पुनः वहाँको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

उपप्रमुख शुभलक्ष्मी शाक्य प्रवक्ता कीर्तिपुर नगरपालिका